मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १२८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ जेठ ७ गते बुधबार ❑ 21 May 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## सरकारभन्दा व्यवस्थाको रक्षा माओवादीको प्राथमिकता: उपमहासचिव पुन

**पोखरापत्र संवाददाता**
पोखरा, ६ जेठ

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का उप–महासचिव एवं पूर्व अर्थमन्त्री वर्षमान पुन अनन्तले पोखरा अन्तराष्ट्रिय विमानस्थल निर्माणको क्रममा भएको भ्रष्टचारको छिट्टै छानविन गरी दोषी उपर कार्वाही गर्न माग गरेका छन् ।

प्रेस सेन्टर नेपाल कास्कीले मंगलबार पोखराको आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै उनले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको क्रममा भ्रष्टाचार भएको बिषयमा उचित छानविन गरी दोषी उपर कार्वाही हुनुपर्नेमा जोड दिदै अनावश्यक रुपमा कसैलाई डाम्न नहुने बताएका हुन् । प्राविधिक सहित न्यायिक छानबिन समिति गठन गर्नुपर्ने बताउदै उपमहासचिव पुनले यो बिषय छिट्टै टुंगाउन आग्रह गरे । पोखरामा आवश्यक भयर उक्त विमानस्थल निर्माण भएकोले पोखराबाट सिधा अन्तराष्ट्रिय हवाई उडानको लागि भारत लक्षित उडान गर्न सरकारको पहुच नपुगेको उनको तर्क थियो । पोखरा विमानस्थल भने भन्दा करिब २०/२२ फिट कम उचाईमा रनवे सहितको विमानस्थल निर्माण हुनु, रिठ्ठेपानी डाँडाँ कटानमा बढी कटान गर्नु, मेसिनरी सामान खरिद गर्दा भन्सार तथा ट्याक्स छुट गर्नु लगायतका बिषयमा भ्रष्टचार भएको हुन सक्ने नेता पुनको भनाई थियो । काठमाण्डौं पछि धेरै पर्यटक आउने



शहर पोखरा भएको बताउदै उनले ४/५ घण्टाको हवाई उडान गर्ने गरी क्षेत्रिय अन्तराष्ट्रिय विमानस्थल भनेर पोखरामा विमानस्थल बनाइएको नेता पुनले बताए । १० लाख पर्यटक क्षमता रहेको उक्त विमानस्थलमा हाल आन्तरिक पर्यटक मात्र ८ लाख पुगेको बताउदै अब भारतबाट सिधा हवाई उडानको लागि सरकारले कुटनितिक ढंगबाट पहल गर्नुपनेमा जोड दिए । वहाना गरेर बस्नु भन्दा भारतको लखनौ, दिल्ली, वनारस लगायतको क्षेत्रबाट सिधा हवाई उडानको लागि पहल गर्न उनको जोड थियो ।

एमाले र कागेंस एक आपसमा मिल्न नसकेर माओबादीसंग मिलेर सरकार बनाउने भन्दै भ्रमको खेति गर्न लागेको नेता पुनले दाबी गरे । कांग्रेसलाई तर्साउनु पर्‍यो भने एमालेले माओवादी नेताहरुसँग कुराकानी भएको छ भनेर प्रचार गर्ने एमालेलाई तर्साउनु पर्‍यो भने कांग्रेसले माओवादी नेताहरुसँग कुरा भएको छ भनेर झुटा प्रचार गर्ने गरेको नेता पुनले आरोप लगाए । उनले भने " हामीले सरकार बनाउने र ढाल्ने कुनै खेलमा लागेका छैनौं, सरकार ढल्यो भने, आफ्नै कारण ढल्छ,यसमा हाम्रो कुनै हात छैन, हामीले तर गरी खाउ राम्रोसंग सरकार संचालन गर भनेकै छौं, हामी त यो सरकार चलोस् भन्ने चाहन्छौं । " सबै पार्टीका नेताहरुको नेतृत्वमा सरकार बनेपछि माओवादी नै ठीक रहेछ भन्ने हुने र त्यसपछि २०८४ मा जनताले माओबादी केनद्रलाई बहुमत दिने उनले विश्वास व्यक्त गरे । विकल्प सहित आलोचना गर्दै आएकोले आफुहरु राम्रो प्रतिपक्ष दलको भूमिका खेलेको बताउदै नेता पुनले सरकार ढलेमा ठुलो दलको नेतृत्वमा सरकार बनाउन आग्रह गरे । सरकारको नालायपनका कारण व्यवस्थामाथि प्रश्न उठिरहेको नेता पुनले जनाए । जनताको पसिना र सहिदको रगतले ल्याएको गणतन्त्र, संविधान, संघीयताको रक्षा माओवादीले गर्ने नेता पुनले दाबी गरे । २०८४ को चुनावपछि ताजा जनादेशपछि मात्र माओबादी सरकारमा जाने र देशमा सुशासन कस्तो हुन्छ जनताले महशुस हुने गरी काम गरेर देखाउने उनले जनाए । उनले भने "लोकतान्त्रिक व्यवस्थामा प्रमुख प्रतिपक्षी वेटिङ गभर्मेन्ट हो तर अहिले सरकार बनाउने र सरकारमा जाने हाम्रो प्राथमिकता र रुचि छैन ।" माओवादीको मध्यपहाडी लोकमार्ग जनजागरण अभियानः हाल जारी रहेको बताउदै उनले माओबादी केन्द्रका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री प्रचण्ड नेतृत्वको टोली सहितको पाखरामा जेठ १० गते बिशाल जनसभा हुने बताए । जेठ ९ गते नयाँपुलमा स्वागत गरिने, १० गते पोखरामा जनसभा हुने उनले जनाए । खहिलेको सरकार बिचौलियाले बनाईदिएको र बिचौलिया मार्फत नै चलिरहेको उनको आरोप छ । उनले गभर्नर नियुक्तिमा बिचौलिया हाबी हुँदा दुई महिनादेखि नियुक्ति हुन नसकेको ठोकुवा गरे । सरकार बिचौलियाले चलाईरहेको छ,उनले भने,'गर्भनर नियुक्ती गर्ने हैसियत पनि यो सरकारमा छैन, वित्तीय क्षेत्र कब्जा गर्नका लागि बिचौलियाहरुले आफूले चाहेको गभर्नर ल्याउन खोजिरहेको छ, अहिले चर्चामा रहेका व्यक्ति गर्भनर नहुन सक्छन् । प्रेस सेन्टर कास्कीका अध्यक्ष दीननाथ बरालको अध्यक्षतामा कार्यक्रम भएको सचिव सरोज अधिकारीले बताए । बैतडीको पाटनबाट शुरु भएको मध्यपहाडी लोकमार्ग जनजागरण अभियान डडेलधुरा, दिपालय, अछाम, दैलेख, कर्णाली प्रदेशको रुकुम पश्चिमको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## 'वर्तमान गठबन्धन सरकार तोडिने अवस्था छैन्'

**पोखरापत्र संवाददाता**
गोरखा, ६ जेठ

नेपाली कांग्रेसका प्रवक्ता प्रकाशशरण महतले वर्तमान गठबन्धन सरकार तोडिने अवस्था नरहेको बताउनुभएको छ।

मंगलबार गोरखाका पत्रकार हरूसँग अन्तरक्रिया गर्दै उनले बजारमा चलेका अफवाहको पछाडि नलाग्न पनि आग्रह गर्नुभयो । "म अनावश्यक सूचनाको पछि नलाग्न म अनुरोध गर्दछु", उहाँले भन्नुभयो, "यो गठबन्धन उच्चकोटीको भएकाले एकअर्काको दृष्टिकोणलाई बुझ्नुपर्दछ । गठबन्धन भन्नेबित्तिकै त्यहाँ साझा दृष्टिकोणको आवश्यकता पर्दछ।" उहाँले गभर्नर नियुक्तिको प्रक्रियाले चाँडै निकाश पाउनेमा समेत विश्वास व्यक्त गर्नुभयो । "अहिले कुनै पनि दलसँग स्पष्ट बहुमत ल्याउन नदिएकाले गठबन्धनको सरकार बनाउनु परेको हो । यसअघिका गठबन्धनभन्दा यो गठबन्धन बलियो भएकाले यसमा शङ्का, उपशङ्का उत्पन्न हुने खालका वातावरण सिर्जना हुनबाट जोगाउन सरकारमा रहेकाहरू बढी जिम्मेवार हुनुपर्छ ।"

आफू यसअघि अर्थमन्त्री हुँदा अस्तव्यस्त अर्थतन्त्रलाई सही ठाउँमा ल्याउन सफल भएको दाबी गर्दै उहाँले भन्नुभयो, "अहिले केही न केही सुधार भएको छ तर यति सुधारले हामी सन्तुष्ट छैनौँ, अब दोस्रो चरणको सुधारको योजना अघि बढ्नुपर्छ ।" उहाँले संसद् बाट अर्थसम्बन्धी पाँचवटा विधेयक पास भएको पनि उल्लेख गर्नुभयो ।

## गभर्नरमा डा विश्वनाथ पौडेल नियुक्त

**रासस**
काठमाडौं, ६ जेठ

नेपाल सरकार मन्त्रिपरिषद् को बैठकले नेपाल राष्ट्र बैङ्कको गभर्नरमा अर्थविद् डा विश्वनाथ पौडेललाई नियुक्त गर्ने निर्णय गरेको छ।

मंगलबार साँझ प्रधानमन्त्री निवास बालुवाटारमा बसेको मन्त्रिपरिषद् बैठकले उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलको संयोजकत्वमा गठित तीन सदस्यीय सिफारिस समितिको सिफारिसका आधारमा उहाँलाई नियुक्ति गर्ने निर्णय गरेको



सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरूङले सञ्चारकर्मीलाई जानकारी दिनुभयो ।

बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै उहाँले सिफारिस समितिले डा विश्वनाथ पौडेल, राष्ट्र बैङ्कका कायममुकायम गभर्नर निलम ढुङ्गाना र पूर्वसचिव डा दिनेश भट्टराईसहित तीन जनाको नाम सिफारिस गरेकामा डा पौडेललाई नियुक्त गर्ने निर्णय गरिएको बताउनुभयो । डा पौडेल राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्षसमेत हुनुहुन्छ । यसअघिगभर्नरसिफारिससमिति सदस्य रहनुभएका उहाँले पछि त्यसबाट राजीनामा दिनुभएको थियो । गभर्नर नियुक्तिको विषय पछिल्लो समय निकै चर्चामा थियो ।

## 'विपद् जोखिम न्यूनीकरणमा पूर्वसूचना प्रणाली प्रभावकारी बनाउन आवश्यक'

**पोखरापत्र संवाददाता**
पोखरा, ६ जेठ

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले विपद् जोखिम न्यूनीकरणमा सहज पहुँच हुने खालको प्रविधिको विकास आवश्यक हुने बताउनुभएको छ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणद्वारा युनएनडिपी र युएनडिआरआरको सहयोगमा सबैका लागि पूर्वसूचना विषयमा राष्ट्रिय कार्ययोजना, २०८२ तर्जुमाका सम्बन्धमा पोखरामा आयोजित प्रदेशस्तरीय गोष्ठीको उद्घाटन गर्दै उहाँले पूर्वसूचनामा काम गर्नसके जोखिमको न्यूनीकरण गर्न सकिने बताउनुभयो ।



गण्डकी प्रदेश पर्यटन राजधानी भएको र विपद्को उच्च जोखिममा पनि रहेको उल्लेख गर्दै उहाँले स्थानीय नागरिकसँगै पर्यटक लक्षित विपद् पूर्वसूचना प्रणाली बनाउँदा जनधनको क्षति न्यूनीकरण गर्न सकिने बताउनुभयो । जलवायु परिवर्तनका कारण पनि प्रदेशले थप विपद्को सामना गर्नु परेको उहाँले बताउनुभयो । उहाँले प्रदेशमा जोखिम क्षेत्र पहिचान गरेर पूर्वसूचना र विपद्पछिको भूमिकामा पनि संवेदनशील हुन सरोकारवाला सबैलाई आग्रह गर्नुभयो ।

गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटाले विपद् पूर्वसूचनाका आधारमा विपद् जन्य क्षति धेरै नै न्यूनीकरण गर्न सकिने बताउनुभयो । प्रभावकारी पूर्वसूचना प्रणालीको स्थापनासँगै यसबारे आम सर्वसाधारणलाई सचेतना अभिवृद्धि गरिनु जरुरी भएको उहाँको भनाइ छ। नेपाली कांग्रेस गण्डकी प्रदेशसभाका प्रमुख सचेतक नन्दप्रसाद न्यौपाने, राष्ट्रिय प्रजातन्त्र पार्टीका गण्डकी प्रदेशसभाका प्रमुख सचेतक विन्दु पौडेल, कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे, सुदीप अर्यालगायतले विपद् जोखिम न्यूनीकरणका लागि पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने बताउनुभयो । गोष्ठीमा गण्डकी तथा लुम्बिनी प्रदेशका सरोकारवाला प्रतिनिधिको सहभागिता रहेको जनाइएको छ।

## बाटो निर्माण ढिलाइसम्बन्धी महानगर प्रमुखलाई ध्यानाकर्षण

**पोखरापत्र संवाददाता**
पोखरा, ६ जेठ

लेखनाथ उद्योग वाणिज्य सङ्घले पोखरा महानगरपालिका-२७, ३० र ३१ स्थित ताल्चोक क्षेत्रको बाटो निर्माण ढिलाइ भएको सम्बन्धमा पोखरा महानगर प्रमुख धनराज आचार्यलाई ध्यानाकर्षण गराएको छ।

यहाँको करिब साढे तीन किलोमिटर दूरीमा बाटो निर्माण ढिलाइ भएकाले आवतजावतसँगै यहाँका पर्यटनमा नकारात्मक असर परेको भन्दै निर्माणलाई थीघ्रता दिनका लागि ध्यानाकर्षण गराइएको हो। सङ्घका कार्यवाहक अध्यक्ष विक्रम कर्माचार्यको संयोजकत्वमा सङ्घका पूर्वध्यक्ष बलराम ढकाल, सङ्घका कार्यसमिति सदस्य एलपी ढुङ्गानालगायत टोलीले प्रमुख आचार्यसमक्ष तालचोक बेगनास ताल बाटोको ढिलासुस्तीबारे ध्यानाकर्षण गराएको हो । भेटमा महानगर प्रमुख आचार्यले वर्षात् सुरु हुनुभन्दा अघि एकतर्फी बाटो तुरुन्तै सञ्चालनमा ल्याउने गरी काम गर्न निर्माण व्यवसायी तथा इञ्जिनियरलाई आग्रह गर्नुभयो । कार्यवाहक अध्यक्ष कर्माचार्यले यस क्षेत्रको पर्यटन प्रवर्द्धनका लागि सडक पहिलो माध्यम बनेको भन्दै बर्खायाम अगाडि निर्माण सकेर बेगनास ताल क्षेत्रमा पर्यटन प्रवर्द्धन गरी स्थानीयको आयआर्जन वृद्धि गर्न अनुरोध गर्नुभयो ।

लेखनाथ उद्योग वाणिज्य सङ्घका पूर्वध्यक्ष बलराम ढकालले बेगनास तालको पर्यटकीय विकासमा सबैको सामूहिक प्रयास आवश्यक हुने बताउनुभयो ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# नवौं प्रधानमन्त्री कप एनभीए भलिबल लिग जेठ ८ देखि पोखरामा सुरु हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ६ जेठ

नेपाल भलिबल संघको आयोजनामा नवौं संस्करणको प्रधानमन्त्री कप एन.भी.ए. महिला तथा पुरुष भलिबल लिग-२०८२ यही जेठ ८ गतेदेखि पोखरामा सुरु हुने भएको छ।

प्रतियोगिता पोखरा रंगशालामा रहेको बहुउद्देश्यीय कभर्डहलमा यही जेठ १५ गतेसम्म सञ्चालन हुने उक्त प्रतियोगिताको अन्तिम तयारी पुरा भएको आज(मंगलबार) पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो।

प्रतियोगितामा पुरुषतर्फ हेल्प नेपाल स्पोटर्स क्लब, नेपाल एपीएफ क्लब, त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, कोशी प्रदेश, गण्डकी प्रदेश, सुदूरपश्चिम प्रदेश र मणिमुकुन्द क्लब बुटवल गरी ८ टिमको



सहभागिता हुनु भएको संघका अध्यक्ष जितेन्द्र बहादुर चन्दले बताउनु भयो । महिलातर्फ नेपाल पुलिस क्लब, नेपाल एपीएफ क्लब, न्यू डायमण्ड यूथ क्लब, त्रिभुवन आर्मी क्लब, एभरेष्ट क्लब बुटवल र कर्णाली प्रदेशका टिमहरूले प्रतिस्पर्धा गर्ने भएको उहाँले जनाउनु भयो। भलिबलको व्यवसायीकरण र युवा पुस्तालाई आकर्षित गर्ने उद्देश्यले प्रत्येक टिममा ३ जना विदेशी खेलाडी राख्न मिल्ने व्यवस्था गरिएको उहाँले जनाउनु भयो । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने टिमहरूले क्रमशः रु. ८ लाख, ४ लाख र २ लाख नगद पुरस्कार प्राप्त गर्ने छन् । त्यस्तै, उत्कृष्ट खेलाडीले रु. ५० हजार, उत्कृष्ट लिब्रो, लिफ्टर, ब्लकर, सर्भर, स्पाइकर र प्रशिक्षकले जनही रु. २५ हजार पुरस्कार प्राप्त गर्न भएको संघका महासचिव रोशन श्रेष्ठले उल्लेख गर्नुभयो । प्रतियोगिता सम्पन्न गर्न ९० लाख खर्च हुने संघले जनाएको छ । प्रतियोगिताको पुरस्कार राशी मात्रै ३२ लाख रहेको संघले जनाएको छ । संघले प्रतियोगितालाई भव्य र सफल बनाउन राष्ट्रिय खेलकुद परिषद, शिवम् सिमेन्ट, राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैंक, लोमस फार्मास्युटिकल्स लगायत विभिन्न साझेदार हरूको साथ लिएको छ। 'चरक मेमोरियल अस्पताल' मेडिकल पार्टनर र 'बर्ड लिङ्क' इन्टरनेट पार्टनरको रुपमा रहेका छन् ।

संघले प्रतियोगितामा सहभागी खेलाडीहरूको दुर्घटना बीमाको समेत व्यवस्था गरेको उपाध्यक्ष याम बहादुर गुरुङले बताउनु भयो । पोखरालाई भलिवलको सिटिकोका रूपमा प्रचार गर्दै भलिबलको लोकप्रियतालाई थप विस्तार गर्न प्रतियोगिताले सघाउने आफुहरुले अपेक्षा गरेको अध्यक्ष चन्द्रले जनाउनुभयो । प्रतियोगितामा उत्कृष्ट हुने टोलीले नेपालकै नेतृत्व गरी माल्दीप्समा हुने काभा भलिवलमा छनौट हुने भएको छ।



महशिकार :
म्याग्दीको अन्नपूर्ण गाउँपालिका-५ स्वाँतको छहरेभिरमा मङ्गलबार डोरीमा झुण्डिएर भिर माहुरीको महशिकार गर्दै शिकारी। स्वाँतका भिरपहरामा डोरीमा झुण्डिएर गरिने मह शिकारको याम सुरु भएको छ। तस्बिर : सन्तोष गौतम/रासस

# गण्डकी प्रदेश यु-१६ छनौंट क्रिकेट प्रतियोगिता सुरुः कास्कीको विजयी सुरुवात

**पोखरापत्र संवाददाता**
पोखरा, ६ जेठ

प्रदेश क्रिकेट संघ गण्डकीको आयोजनामा मंगलबारदेखि पोखरा क्रिकेट मैदानमा यु-१६ गण्डकी प्रदेश छनौंट प्रतियोगिता शुरु भएको छ।

प्रतियोगिताको उद्घाटन दिन घरेलु टोली कास्कीले बाग्लुङमाथि ३८ रनको जित निकालेको छ । टस जितेको बाग्लुङले कास्कीलाई ब्याटिङको निम्तो दिएको थियो । वर्षातले प्रभावित खेलमा कास्कीले निर्धारित २२ ओभर सकिन २ बल बाँकि छँदा सम्पूर्ण विकेट गुमाएर १ सय ३७ रन बनायो । कास्कीको ब्याटिङमा प्लेयर अफ द म्याच समेत बनेका सुरज अधिकारीले ५३ तथा सोनु यादवले २० रन जोडे। बाग्लुङका बलरहरु कृष केसीले ३, प्रिन्स सर्मा र रमित कँडेलले समान २ विकेट लिए।

जितका लागि १ सय ३८ रनको लक्ष्य पछ्याएको बाग्लुङको पारी २१.४ ओभरमा ९९ रनमै समेटियो। बाग्लुङका लागि रमित कँडेलले र आर्या प्रसिद्ध नेपालले समान १७ रन जोडे। कास्कीका बलरहरु अनिस रावतले ३ तथा राज परियार र रिदम पाण्डेले समान २ विकेट लिए। यसअघि प्रदेश खेलकुद परिषद् गण्डकी सदस्य सचिव श्रीधर शर्माले अफिसियल दिलिप अग्रहरीलाई बल हस्तान्तरण गर्दै प्रतियोगिताको उद्घाटन गरेका थिए। सो अवसरमा शर्माले गण्डकीमा क्रिकेट खेल गतिशिल खेलकुदका रुपमा देखिएको बताए। संघका गतिविधी उत्कृष्ट रहेको भन्दै आगामी दिनहरुमा पनि क्रिकेट विकासका लागि परिषद्को तर्फबाट सहयोग रहने उनले बताए। आयोजक संघका अध्यक्ष सञ्जयकान्त सिग्देलले यो प्रतियोगिता एशिया कप सम्म पुग्ने बाटो भएकाले खेलाडीहरु लगनशिल बनेर मेहेनतका साथ लाग्न आग्रह गरे।

एक साता सञ्चालन हुने प्रतियोगितामा कास्की सहित ६ जिल्लाको सहभागिता रहेको छ। समुह 'ए' मा कास्की, बागलुङ र तनहुँ रहेका छन भने समुह 'बी' मा पर्वत, स्याङ्जा र नवलपुर रहेका छन् । प्रतियोगिताबाट यही जेठ १७ गतेदेखि सुर्खेतमा सुरु हुने राष्ट्रिय यु-१६ क्रिकेट प्रतियोगिताका लागि गण्डकीको टोली चयन गरिने आयोजक संघका अध्यक्ष सिग्देलले जानकारी दिए।

# मध्यपहाडी लोकमार्ग : हरिचोक-याम्दी खण्ड 'अस्फाल्ट' प्रविधिबाट पिच

**पोखरापत्र संवाददाता**
पोखरा, ६ जेठ

निर्माणाधीन मध्यपहाडी लोकमार्गअन्तर्गत पोखरा खण्डमा पर्ने हरिचोकबाट-याम्दी पुलसम्मको सडक स्तरोन्नति जारी रहेको छ।

यस खण्डको चार लेन सडकको अहिले कालोपत्रको काम भइरहेको छ। मध्यपहाडी लोकमार्ग आयोजना कार्यालयका अनुसार गत वैशाख दोस्रो सातादेखि यस सडकमा 'अस्फाल्ट' प्रविधिबाट सडक पिच गर्ने काम जारी रहेको छ। हालसम्म हरिचोकबाट जौवारी चेकपोष्टसम्म एकतर्फी कालोपत्र सकिएको छ। मध्यपहाडी राजमार्ग आयोजना कार्यालयका सूचना अधिकारी किरण सुवेदीले झण्डै डेढ किमी सडक एकतर्फी कालोपत्र सकिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "हरिचोक-याम्दी खण्डमा अहिले एकतर्फी कालोपत्र भइरहेको छ । चालु आर्थिक वर्षभित्रमा दुवै खण्डमा काम सम्पन्न गर्ने योजनामा छौं ।" हरिचोक-याम्दी सडक १८ मिटर फराकिलो हुने छ। त्यसैगरी नालासहित २१ मिटर



रहेको आयोजनाले जनाएको छ । यस खण्डमा अस्फाल्ट कालोपत्र १५ सेमी बाक्लो हुने छ । लामो समयसम्म यस सडकको काम सुस्त हुँदा राजमार्गमा यात्रा गर्ने यात्रीले सास्ती पाएका थिए । दुई किमी २०० मिटर लामो सडक निर्माणमा ढिलाइ हुँदा हिउँदमा धुलो र बर्खायाममा हिलोको समस्याले यात्रा कष्टकर हुने गरेको थियो।

सडक निर्माण सुस्त भएपछि स्थानीयले सडकमै उत्रिएर काम छिटो गर्न दबाब दिएका थिए। पोखरा हरिचोकका भानुभक्त अधिकारीले ढिलै भए पनि कालोपत्रको काम सुरु भएकामा खुसी व्यक्त गर्नुभयो । लामो समयसम्म सडक नबन्दा आफूहरूले धेरै सास्ती पाएकामा अब सजिलो हुने उहाँको विश्वास छ।

मध्यपहाडी लोकमार्ग आयोजना कार्यालय पर्वतले दुई वर्षमा सक्नेगरी २०७९ साल साउनमा काठमाडौँको मोतीदान कन्स्ट्रक्सन सेवा प्रालिसँग मूल्यअभिवृद्धि करसहित रु ४८ करोड लागतमा सडक स्तरोन्नतिको सम्झौता गरेको थियो। साविकको पोखरा-बाग्लुङ राजमार्गमा पर्ने यस सडक हुँदै पर्वत, बागलुङ, म्याग्दी, मुस्ताङ, रुकुमपूर्वलगायत जिल्लाबाट दैनिक सयौं सार्वजनिक तथा निजी सवारीका साधन पोखरा आवतजावत गर्ने गर्छन्।

# प्रदेशका सांसदको गुनासो संघीयता कमजोर बनाउने खेल भयो

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ६ जेठ

संघियता कमजोर बनाउने खेलमा संघिय सरकार लागेको भन्दै प्रदेश सांसदहरु असन्तुष्ट व्यक्त गर्न थालेका छन्।

गण्डकी प्रदेशको अर्थ तथा विकास समिति र लुम्बिनी, वाग्मती प्रदेशका बिषयगत समितिहरुको अन्तर प्रदेश छलफलमा सांसदहरुले संघियता बलियो बनाउन प्रदेशलाई अधिकार दिनुपर्नेमा जोड दिएका छन्। संविधानले प्रदत्त गरेको अधिकारको स्वायत्तता प्रदेशलाई नदिदा कतै संघियतालाई कमजोर बनाउन त खोजिएको हैन भन्ने बिषयमा तीन प्रदेशका बिषयगत समितिहरुले छलफल गरेका थिए । गण्डकी प्रदेश सभा अन्तर्गत अर्थ तथा विकास समितिले दुई प्रदेशका बिषयगत समितिका सांसदहरुसगँ प्रदेश–प्रदेश बिचमा भएगरेका बिषयमा छलफल गरेको छ। लुम्बिनी प्रदेश र बाग्मती प्रदेशका बिषयगत समितिसगँ छुट्टाछुट्टै भेटघाट गरी छलफल गरेको हो । सरकारी काम, शक्ति र जिम्मेवारीलाई जनताको घरदैलोमा पुग्नुपर्छ भन्ने अभ्यास शुरु गरेको नेपालले संघिय राज्य घोषणा गरेको झण्डै १० बर्ष पुगेको छ । संघीयताको बलियो आधार वा जग भनेको प्रदेश नै हो। तिनतहमा सरकारको जिम्मेवारी बाँडफाँड गरिएको एकदशक पुरा भएपनि नागरिकले अझै संघियताको अनुभुत भने गर्न नपाएको गुनासो आइरहेका बेला प्रदेशका सांसदहरुले पनि संघीयताको अनुभुत हुन नसकेको गुनासो गर्न थालेका छन् । राज्यसत्ता र सार्वभौमसत्ताको समेत विभाजन गरी शासकीय क्रियाकलापमा बढीभन्दा बढी जनतालाई संलग्न गराउने राजनीतिक प्रक्रिया नै संघीयता भएपनि संघिय सरकारले अधिकार नदिदा प्रदेशका सांसदहरुले कतै संघिय प्रणाली नै कमजोर बनाउने खेल त होइन भन्ने निष्कर्ष निकाल्न थालेका छन् । गण्डकी प्रदेश सभा अन्तर्गत अर्थ तथा विकास समितिले शुरु गरेको अन्तरप्रदेश अन्तरक्रिया कार्यक्रममा लुम्बिनी प्रदेश र वाग्मती प्रदेशका विकास समितिका सांसदहरुको छलफल, अन्तरक्रियामा संविधानमा उल्लेख गरेको प्रदेशको अधिकार नपाएको गुनासो गरेका हुन्।

बिषयगत विकास समितिहरु संसदको मिनि सभाको रुपमा लिइने गरिन्छ । समितिले दिएका निर्देशन, सुझाव र सल्लाहलाई प्रदेश सरकारले समेत कार्यन्वयन गर्नेमा कठिनाई हुने गरेको दुवै प्रदेशको अन्तरक्रियामा सांसदहरुले बताएका छन्। अन्तरप्रदेश अन्तरक्रियामा संघियताको बिषयमा जनतालाई अनुभुत हुने गरी प्रदेशले काम गर्न सकेन भने संघीयतामा जटिलता थपिने सांसदहरुको भनाई थियो।

अन्तरक्रियामा तीनै प्रदेशले आफुहरुले निर्माण गरेका कानुनका बिषयमा समेत छलफल गरेका थिए। कानुन बनाउन समयानुकुल र समय सापेक्षलाई हेरेर बनाउनुपर्नेमा तीनै प्रदेशका सांसदहरुले जोड दिएका छन्। प्रदेशलाई कमजोर बनाउन नदिन प्रदेशका सांसद र प्रदेश सरकारको बढी जिम्मेवार हुनुपर्ने गण्डकी प्रदेशका अर्थ तथा विकास समितिका सभापति भोजराज अर्यालको जोड थियो । गण्डकी प्रदेशले बनाएका कानुनका बिषयमा सुझाव लिने र अन्य प्रदेशले गरेका राम्रा कानुन र कामलाई अनुसरण गर्ने उदेश्यले यो भ्रमणको आयोजना गरिएको सभापति अर्यालको भनाई थियो । छलफलमा अधिकांश सांसदहरुले संघिय सरकारले नचिन्ने र स्थानीय सरकारले नगन्ने परिपाटी हुँदा प्रदेश सांसदको खासै भुमिका नभएको हो की भन्ने भ्रम जनतामा परेको गुनासो गरेका थिए। प्रदेश संरचना चाहिन्छ भन्ने तर हरेक अधिकार र बजेटमा प्रदेशप्रति संघिय सरकारको चासो नरहेको सांसदहरुको भनाई थियो। तिनैतहको समन्वय नहुँदा प्रदेश माथी बढी प्रश्न उठ्न थालेको र नागरिकहरुमा प्रदेश खारेजी हुनुपर्छ भन्ने मनोविज्ञान उठिरहेको सांसदहरुले बताएका छन् । संघ र प्रदेशमा निर्माण भएका बिषयगत समितिहरु अत्यन्तै जिम्मेवार र कानुन निर्माण गर्ने थलोको रुपमा आफुले लिएको लुम्बिनी प्रदेशका कृषि वन तथा वातावरण समितिका सभापति विश्वप्रेम पाठकले बताए । गण्डकी प्रदेश अर्थ तथा विकास समितिले लुम्बिनी प्रदेशको अर्थ, उद्योग तथा पर्यटन विकास समिति, कृषि, वन तथा वातवरण समिति र भौतिक पुर्वाधार तथा विकास समितिका सभापति सहित सदस्यहरुसँग छलफल गरेको थियो भने, वाग्मती प्रदेशको अर्थ तथा विकास समिति र उद्योग, पर्यटन तथा वातावरण समितिका सभापति सहित सदस्यहरुसँग छलफल गरेको थियो। अन्तरक्रियामा गण्डकी प्रदेशका अर्थ तथा विकास समितिका सदस्यहरु दिपेन्द्रबहादुर थापा, हरीबहादुर भण्डारी, सिता सुन्दास, बिन्दु पौडेल, अशोक श्रेष्ठ, वाग्मती प्रदेशका सरल सहयात्री पौडेल, वाग्मती प्रदेश उद्योग पर्यटन तथा वातावरण समितिका सदस्य तारा नारायण श्रेष्ठ, यमुनादेवी श्रेष्ठ लगायतले केन्द्रीय सरकार फेरिदा प्रदेश सरकार पनि फेरीने गृहकार्यले प्रदेशहरु कमजोर हुने सुझावहरु दिएका थिए।

त्यसैगरी लुम्बिनी प्रदेशका अर्थ उद्योग तथा पर्यटन समितिका सभापति राजु श्रेष्ठ, वाग्मती प्रदेशका अर्थ तथा विकास समितिका सभापति नुरज बज्राचार्य, उद्योग पर्यटन तथा वातारण समितिका सभापति आनन्द कुमार श्रेष्ठले प्रदेशले अहिले सम्म गरेका गतिविधिका बिषयमा जानकारी गराएका थिए । अझै पनि राजस्व बाँडफाड, नदीजन्य उत्खनन्, कर्मचारी खटनपटन, कानुन कार्यन्वयन जस्ता बिषयमा अधिकार केन्द्रकृत हुँदा प्रदेशहरु निरिह बन्न परेको गुनासो राखेका थिए। अन्तरप्रदेशीय अध्ययन अवलोकन भ्रमणमा निस्केको गण्डकी प्रदेशको अर्थ तथा विकास समितिले लुम्बिनी प्रदेशका दुई बिषयगत समिति र वाग्मती प्रदेशका दुई बिषयगत समितिसँग अन्तरक्रिया गरेको थियो । भ्रमणमा समितिका सदस्य, कर्मचारी, पत्रकार सहित १८ जनाको सहभागिता रहेको थियो । अन्तरप्रदेश अन्तरक्रियाले संघियतालाई अझै बलियो बनाउने र कानुनी बिषयलाई साझा मुद्धा बनाउन यस्ता भ्रमणले सहज हुने देखिन्छ।

# सरकारभन्दा ...

चौरजहारी, मुसिकोट लगायतमा सम्पन्न भइसकेको छ। जेठ ९ गते विहान बागलुङ बजार तथा दिउँसो पर्वतको कुस्मामा जनसम्वाद हुने नेकपा माओवादी केन्द्र गण्डकी प्रदेश ईञ्चार्ज दिननाथ शर्माले बताए । जेठ २ गतेदेखि शुरु भएको मध्यपहाडी पुष्पलाल लोकमार्ग जनजागरण अभियानको टोली यहि जेठ ९ गते कास्की प्रवेश गर्ने भएको नेकपा माओवादी केन्द्र कास्कीका ईञ्चार्ज नेत्रनाथ अधिकारीले बताए । स्वागत लगत्तै अध्यक्ष प्रचण्डलाई ढिकुरपोखरीमा रहेको प्राविधिक शिक्षालयको अनुगमन गराईने भएको छ।

मध्यपहाडी पुष्पलाल लोकमार्ग जनजागरण अभियान अन्तर्गत जेठ १० गते पोखराको चिप्लेढुंगामा जनसभा गर्ने तयारी गरिएको ईञ्चार्ज अधिकारीले जानकारी दिए । उनका अनुसार जनसभा अगाडि पोखराको पृथ्वीचोक र सिर्जनाचोक गरेर दुई ठाउँबाट ऱ्याली निकालिनेछ। ऱ्याली सभागृहचोक, न्यूरोडहुँदै चिप्लेढुंगामा पुगेर जनसभामा परिणत हुने उनले बताए । नेकपा माओवादी केन्द्र कास्कीका संयोजक विश्वप्रकाश लामिछानेले जेठ १० गतेको जनसभालाई बृहद बनाईने दाबी गरे। त्यसका लागि वाईसिएल, विद्यार्थी, महिला, मजदुर सहित जनबर्गीय र भातृ संस्थाहरु अभियानमा लाग्ने जनाए।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी



डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि



डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि



डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

विगतका कुराहरुले भविष्यको मार्गदर्शन गर्छ। – अज्ञात

## सम्पादकीय

# राष्ट्र बैंकको गभर्नरमा पौडेल

साढे दुई महिनाको रस्साकस्सी पछि सरकारले नेपाल राष्ट्र बैंकको गभर्नरमा विश्व पौडेललाई नियुक्त गरेको छ। मंगलबार बसेको मन्त्रिपरिषदको बैठकले पौडेललाई गभर्नरमा नियुक्त गर्ने निर्णय गरेको थियो। सरकारको यो निर्णयसँगै पौडेल १८औं गभर्नर बनेका छन्।सत्तारूढ काङ्ग्रेस र एमाले बीच राष्ट्र बैंकको गभर्नर काङ्ग्रेसलाई दिने सहमति भएको थियो। काङ्ग्रेसबाट एउटै नाम नदिएर कार्ड फाल्न खोज्दा गिजोलिएको थियो। प्रधानमन्त्री केपी शर्मा ओली र काङ्ग्रेस सभापति शेर बहादुर देउवाबीच भएको सहमति अनुसार नै प्रक्रिया अगाडि बढाउने काम भएका हुन।

उपप्रधान एंव अर्थमन्त्री विष्णु पौडेल संयोजक रहेको समितिले गभर्नरका लागि तीन जनाको नाम सिफारिस गरेको थियो। मंगलबार बसेको सिफारिस समितिको बैठकले विश्व पौडेल, निलम ढुंगाना तिम्सिना र दिनेश भट्टराईको नाम सिफारिस गरेको थियो। सिफारिसअनुसार मंगलबार बसेको मन्त्रिपरिषदको बैठकले पौडेललाई गभर्नर नियुक्त गरेको हो। निवर्तमान गभर्नर महाप्रसाद अधिकारीको कार्यकाल सकिएसँगै गत चैत २५ गतेदेखि राष्ट्र बैंकमा गभर्नर पद खाली छ। गभर्नर नियुक्तिमा ढिला हुने देखिएपछि अर्थ मन्त्रालयले कामु गभर्नरको जिम्मा डेपुटी गभर्नर निलम ढुंगाना तिम्सिनालाई दिएको थियो।

गभर्नर नियुक्तिको विषयमा दुई महिनादेखि सत्तारुढ दल कांग्रेस र एमालेका निम्ति पेचिलो विषय बनेको थियो। कतिसम्म भने किचलो बढदै जाँदा चैत ११ गते गभर्नर सिफारिस समिति गठन भएपछि यसका दुई सदस्यले फरक-फरक समितिमा राजीनामा दिएका थिए। वैशाख ९ मा समिति सदस्य पूर्वगभर्नर विजयनाथ भट्टराईद्वारा राजीनामा दिएका थिए। आफूलाई गभर्नर बन्न प्रस्ताव आएपछि वैशाख २८ मा विश्व पौडेलले समिति सदस्यबाट राजीनामा दिएका थिए। वैशाख ३१ मा अर्थमन्त्री पौडेलले सिफारिस समिति नै पुनर्गठन गठन गरेर समिति सदस्यमा पोषराज पाण्डे नियुक्त गरेका थिए।

गभर्नरमा नियुक्त पौडेलले अमेरिकाबाट अर्थशास्त्रमा विद्यावारिधि गरेका छन्। उनी राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्षसमेत रहेका थिए। काठमाडौं विश्वविद्यालयका अध्यापकसमेत रहेका उनीसँग अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)को आर्थिक सल्लाहकारका रूपमा काम गरेको अनुभव पनि छ।

२०७९ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा उनी चितवन क्षेत्र नम्बर १ मा कांग्रेसबाट उम्मेदवार बनेका थिए। निर्वाचनमा पराजित भए पनि अर्थशास्त्रको विज्ञताले गभर्नरको जिम्मेवारी पाएका छन। अदालत देखि विभिन्न स्वार्थ समुहको अबरोध पन्छाएर गभर्नरमा बाजी मारेका पौडेललाई बजारमा चलाइएका हल्लालाई कामबाट प्रमाणित गर्नुपर्नेछ। ढिलै भए पनि काङ्ग्रेस एमालेले अनुभवी अर्थशास्त्री पौडेललाई केन्द्रीय बैंकको प्रमुख बनाएर परिपक्वता देखाएका छन।

# गण्डकी प्रदेशका २५ होमस्टे पोखरामा

**पोखरापत्र संवाददाता**
पोखरा, ६ जेठ

यही जेठ ९ गतेदेखि पर्यटनको राजधानि पोखरामा सुरु हुने गाउँ पर्यटन मेलामा गण्डकी प्रदेशका २५ होमस्टे सहभागि हुने भएका छन्। नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयको आयोजनामा यही जेठ ११ गतेसम्म संचालन हुने उक्त मेलामा प्रदेशका २५ होमस्टे एकै थलोमा भेला हुने भएको मंगलबार पोखराम आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो। गण्डकी प्रदेशका ११ जिल्ला मध्य म्याग्दी र गोर्खा बाहेक अन्य ९ जिल्लाका २५ वटा होमस्टेहरुलाई पोखरासम्म ल्याउदै उक्त क्षेत्रका होमस्टे सहित त्यस क्षेत्रका पर्यटकीय गन्तव्यहरुको समेत प्रबर्द्धन गरिने भएको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख मणिराज लामिछानेले बताउनु भयो। उहाँले भन्नुभयो"पर्यटनको राजधानि पोखरा पर्यटनको ट्रान्जिट प्वाइट भएकोले यस क्षेत्रका होमस्टे सहित हालै संचालनमा आएका पर्यटकीय कुनै पनि गतिबिधिलाई हामीले प्रचार प्रसार तथा प्रबर्द्धन गराउने उद्धेश्यले उक्त कार्यक्रम आयोजना गर्न लागेका हौं।"

हालै संचालनमा आएका होमस्टे तर प्रचार प्रसारको अभावमा ओभेलमा परेका सम्भावना भएका होमस्टेहरुको प्रचार प्रसार सहित प्रबर्द्धन गर्नु बोर्डको मुख्य उद्धेश्य रहेको प्रमुख लामिछानेले जनाउनु भयो। गाउँमा रहेका पर्यटन व्यवसायीलाई बजारसम्म जोड्ने प्रयत्न गर्दै गाउँ पर्यटन प्रबर्द्धन तथा बजारीकरणको लागि एक प्लेटफार्म सृजना हुने उहाँले विश्वास व्यक्त गर्नुभयो।

आवेदन आएका होमस्टेहरुबाट छनौट गरिएको उहाँले जनाउनु भयो। तेश्रो संस्करणको उक्त कार्यक्रम पोखराको लेकसाइड स्थित क्रिस्टल महल, अम्बोटमा हुने भएको भिटोफका सचिव लक्ष्मण पहारीले बताउनु भयो। यस अघि उक्त कार्यक्रम २०७३ र २०७६ मा भएको थियो।

पोखरा पर्यटन परिषदका अध्यक्ष तारानाथ पहारीले उक्त होमस्टे मार्टले होमस्टेहरुको प्रबर्द्धन हुनुका साथै एक आपसमा होमस्टेहरु बिच सिक्ने अवसर प्रदान गर्ने बताउनु भयो। गाउँ पर्यटन प्रबर्द्धन मञ्च नेपाल (भिटोफ नेपाल) गण्डकी प्रदेशका अध्यक्ष शोभा सापकोटाले प्रदेश सरकारले धेरै होमस्टेहरुको प्रबर्द्धन गर्न अनुदान दिए पनि ५० प्रतिशत भन्दा बढी हाल नविकरण नभएको अवस्थामा रहेको बताउनु भयो।

भिटोफ गण्डकीको सह–आयोजनामा गण्डकी प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालय, पोखरा महानगरपालिका, पोखरा पर्यटन परिषद तथा होमस्टे (घरवास) महासंघ नेपाल (होफेन) गण्डकी प्रदेशको सहकार्यमा उक्त कार्यक्रम हुने भएको हो। नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेश कार्यालयले एक सूचना जारी गर्दै गण्डकी प्रदेश भित्रका सामुदायिक होमस्टे, फर्म, कम्पनी तथा गैरसरकारी संस्थाहरुलाई उक्त मार्टमा सहभागिताका लागि आवेदन दिन आव्हान गरेको थियो। मेलामा सहभागि हुने होमस्टेहरु आवेदन आएका होमस्टेहरुबाट छनौट गरिएको थियो।

# नेपाल थाइल्यान्डसँग ७८ रनले पराजित

**रासस**
काठमाडौं, ६ जेठ

आइसिसी महिला ट्वान्टी-२० विश्वकप एसिया छनोटअन्तर्गत सुपर-३ को अन्तिम खेलमा नेपाल थाइल्यान्डसँग ७८ रनले पराजित भएको छ।

थाइल्यान्डको टेर्डथाइ क्रिकेट मैदानमा आज भएको खेलमा थाइल्यान्डले नेपाललाई जितको लागि १५९ रनको लक्ष्य दिएको थियो। जवाफमा नेपाल निर्धारित २० ओभर ९ विकेट गुमाउँदै ८० रनमा समेटियो। नेपालका लागि कविता कुँवरले सर्वाधिक २४ रन योगदान दिइन्। त्यस्तै रजाजमति ऐरीले अविजित २० तथा रुबिना क्षेत्रीले १२ रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन्। थाइल्यान्डका लागि ओन्निचा कामचोम्फुले सर्वाधिक चार विकेट लिइन्। यसैगरी थिपाचा पुथावोङले तीन र सुलेपोर्न लाओमीले समान एक एक विकेट हात पारे।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको थाइल्यान्डले निर्धारित २० ओभरमा दुई विकेट गुमाउँदै १५८ रन बनाएको थियो। थाइल्यान्डका लागि नन्नापत कोन्चारोएनकाई २८ बलमा आठ चौकाको मद्दतले अविजित ५० रनको योगदान गरिन्। त्यसैगरी नटाया बुचथमले ४२ बलमा पाँच चौकासहित ५० रन बनाइन्। अपिसरा सुवान्चोराथीले २९ तथा नथकन चन्थमले अविजित १५ बनाइन्।

नेपालका लागि राजमति ऐरी र मनिषा उपाध्यायले समान एक विकेट लिए। नेपाल र थाइल्यान्ड यसअघि नै विश्वकपको ग्लोबल छनोटमा पुगिसकेका थिए। पहिलो खेलमा दुवैले युएईलाई हराउँदै विश्वकपको ग्लोबल छनोटमा पुगेका हुन्।

# सुर्खेत जाँदै गरेको बस म्याग्देमा दुर्घटना हुँदा २५ जना घाइते

**पोखरापत्र संवाददाता**
तनहुँ, ६ जेठ

पृथ्वी राजमार्गअन्तर्गत तनहुँको म्याग्दे गाउँपालिका-४ घुम्तीमा आज दिउँसो यात्रुवाहक बस दुर्घटना हुँदा २५ जना घाइते भएका छन्।

पोखराबाट सुर्खेततर्फ जाँदै गरेको ना५ख ६८४१ नम्बरको बस दुर्घटना हुँदा २५ जना घाइते भएका हुन्।

चालकले नियन्त्रण गुमाउँदा बस सडकदेखि अन्दाजी २० मिटर तल खोल्सामा खसेको थियो।

बस दुर्घटनामा घाइतेको प्रदेश अस्पताल दमौली, रत्नहरि अस्पताल दमौली र म्याग्दे पोलिक्लिनिकमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक अशोक थापाले जानकारी दिनुभयो।

दुर्घटनामा बस चालक सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-९ बस्ने २९ वर्षीय शेरबहादुर वली, सहचालक कास्कीको पोखरा महानगरपालिका-२१ बस्ने २६ वर्षीय सञ्जय अधिकारी र सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-९ बस्ने २८ वर्षीय विकसमेत घाइते भएका छन्।

# कास्कीको यु-१६ क्रिकेट टोलीलाई कमलपोखरी सहकारी संस्थाको सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ६ जेठ



कमलपोखरी बचत तथा ऋण सहकारी संस्था पोखरा १३ ले कास्कीको यु-१६ क्रिकेट टोलीलाई ल्यापटप ब्याग तथा टोपी सहयोग प्रदान गरेको छ।

संस्थाले १७ थान झोला र त्यतिनै टोपी सहयोग प्रदान गरेको हो। पोखरा रंगशालास्थित क्रिकेट मैदानमा संस्थाका अध्यक्ष माधव आचार्य, सचिव कुमार केसी लगायतले कास्कीका खेलाडी, टिम कोच, मेनेजर तथा अफिसियलहरुलाई उक्त सहयोग सामग्री हस्तान्तरण गरे।

सो अवसरमा बोल्दै अध्यक्ष आचार्यले संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत कास्कीको क्रिकेट विकासमा आफुहरुको यो सहयोगको शुरुवात गरेको बताए। आगामी दिनहरुमा पनि सहयोग कार्यलाई निरन्तरता प्रदान गर्ने आचार्यको भनाई थियो। सहयोग हस्तान्तरण कार्यक्रममा बोल्दै क्रिकेट संघ कास्कीका अध्यक्ष सज्जयकान्त सिग्देलले यस किसिमको सहयोगले खेलाडीहरुको हौसला बुलन्द हुने बताए।

संघ कास्कीका सचिव कमल थापाले कार्यक्रम सञ्चालन गरेका थिए।

# पर्वतका छ स्थानीय तहले निर्माण गरे आफ्नै भवन

**पोखरापत्र संवाददाता**
पर्वत, ६ जेठ



स्थानीय तह कार्यान्वनमा आएको नौ वर्षमा यहाँ छ वटा स्थानीय तहले आफ्नै भवन निर्माण गरेर कार्यालय सञ्चालन गर्दै आएका छन्।

महाशिला गाउँपालिकाले साविक बालाकोट गाविसको कार्यालयबाट सेवाप्रवाह गर्दै आएकोमा हालै आफ्नै भवन निर्माण सम्पन्न गरेको छ। स्थापनाकालदेखि भाडाको घरबाट सेवा सञ्चालन गर्दै आएको मोदी गाउँपालिकाले विसं २०८० माघदेखि आफ्नै भवनबाट सेवा सुरु गरेको हो। यसैगरी पैंयूगाउँपालिकाले गत साउन २५ गतेदेखि आफ्नै भवनबाट सेवाप्रवाह सुरु गरेको हो। विहादी गाउँपालिकाले पनि विगत तीन वर्षदेखि आफ्नै कार्यालयबाट सेवा दिँदै आएको छ। जलजला गाउँपालिकाले गत जेठ १ गतेदेखि आफ्नै भवनबाट कार्यालय सञ्चालन गर्न थालेको हो। फलेवास नगरपालिकाको भवन निर्माण अन्तिम चरणमा पुगेको छ।

ग्रामीण र दुरदराजका स्थानीय तहले वडा कार्यालय र पालिका कार्यालय निर्माण गरिसक्दा सदरमुकामसमेत रहेको कुश्मा नगरपालिकाले बल्ल भवन निर्माण सुरु गरेको हो। गत मङ्सिर देखि भवन निर्माण सुरु भएको हो। हालसम्म करिब २० प्रतिशत काम भएको नगरप्रमुख रामचन्द्र जोशीले जानकारी दिनुभयो। उहाँका अनुसार रु १४ करोडमा बन्ने सो भवन लिफ्टसहित साढे छ तलाको हुने छ। कुश्मा नगरपालिकाले चारवटा घर भाडामा लिएर कार्यालय र शाखा सञ्चालन गरेको छ। मासिक रु एक लाख ५० हजार भाडा तिर्दै आएको छ।

# कोटिहोममा ५ लाख बढी भक्तजनले दर्शन गरेको आयोजकको दाबी

**पोखरापत्र संवाददाता**
पोखरा, ६ जेठ



पोखरामा जारी श्री गण्डकी शतकुण्डीय गायत्री कोटिहोम विराट ज्ञान महायज्ञमा मङ्गलवार सम्म ५ लाख बढी भक्तजनले कोटिहोम दर्शन गरेका छन्।

दिन प्रतिदिन भक्तजनको उल्लासमय उपस्थितिले आजको दिन सम्म ५ लाख बढी भक्तजनले कोटिहोम अवलोकन गरेको महायज्ञ प्रचार प्रसार संयोजक लेखराज ढकालले जानकारी दिए। मङ्गलवार पनि भक्तजनको सहभागिताले कोटिहोम परिसर भरिभराउ भएको थियो। कोटिहोम दर्शन गर्नका लागि दैनिक पोखरा सँग देशभरका जिल्ला बाट भक्तजन आउन संख्या बढ्दै गएको छ। महायज्ञका सङ्कल्पकर्ता बालयोगेश्वर श्री विजय कृष्णमूर्तिजी महाराजले जेठ १० गते देखि दैनिक १ लाख भक्तजनले कोटिहोम दर्शन गर्ने आउने सङ्केत पाएको बताए। हुन पनि जेठ १० गते अन्तर्राष्ट्रिय कथावाचिका देवी प्रतिभा पुनः कोटिहोममा कथा वाचन गर्न आउने भएकाले यो सङ्केत देखिएको उनको विश्वास छ।

देवी प्रतिभाले जेठ १६ गते सम्म कथा प्रवचन गर्ने कार्यक्रम छ भने जेठ १४ देखि २२ गतेसम्म नेपालकी ख्यातिप्राप्त आध्यात्मिक व्यक्तित्व, श्रीमद देवीभागवत कथा वाचिका तथा समाजसेवी भागवत मञ्जरी राधिकादासीले कथा प्रवचन गर्ने कार्यक्रम रहेको छ। दुई प्रख्यात कथा वाचीकाको कोटिहोमा उपस्थितिले पनि भक्तजनको संख्या बढ्ने आयोजकको दाबी छ। कोटिहोममा मङ्गलवार श्री रत्न ज्योति माध्यमिक विद्यालयका विद्यार्थीले दर्शन गरेका थिए। कोटिहोममा जेठ ९ र १० गते फरक क्षमता भएका व्यक्ती, प्रमुख आचार्य, गुरुहरू धार्मिक तथा सामाजिक अभियानमा सक्रिय अभियन्ता, विभिन्न धार्मिक सङ्घ संस्थाका अध्यक्ष तथा पदाधिकारी गुरुकुलका पदाधिकारीलाई सम्मान गरिने कार्यक्रम तय भएको छ। त्यसै गरी पितृ उद्धार, पारिवारिक सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिका लागि आफ्नो घर परिवार तथा आफ्ना पितृहरुको नाममा २१ कोटि दीप प्रज्वलन गर्ने, तुला दान कर्मका लागि आफ्ना पूजनीय आमाबुवाहरुलाई तुला दानका लागि कोटिहोम स्थलमा सहभागी गराउने, वैवाहिक जीवनमा जोडिन इच्छुक सबैलाई शुभ विवाह कार्यक्रम, रुद्राभिषेक महा अनुष्ठान, अति रुद्री, लुघुरुद्री आदि पुण्यमयी कर्ममा सहभागी हुने व्यवस्था रहेको छ।

कार्यक्रममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त कलाकारहरूबाट भजन, झाँकी, देव लीला, नृत्य लगायत प्रस्तुति रहेका छन्। पोखरा १७ स्थित सदाशिवजी सिद्धेश्वर हरिहर मन्दिरको जग्गा र आसपासका स्थानीयको जग्गामा कोटिहोम सञ्चालन भएको छ। कोटिहोम जेठ २६ गतेसम्म सञ्चालन हुने छ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : मानसिक तनाव |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : झमेला बढ्ने |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्पर्कनुहोस्।

# ‘राधाकृष्ण नाच’ संरक्षणमा ताकमवासी

रासस
म्याग्दी, ६ जेठ

म्याग्दीको धवलागिरी गाउँपालिका–७ ताकम गाउँको मौलिक संस्कृतिको रूपमा रहेको ‘राधाकृष्ण नाच’ संरक्षणमा स्थानीय सक्रिय भएका छन् ।

हिमालको काख तथा समथर फाँटमा अवस्थित ताकम गाउँमा मानव बस्ती बसेदेखि नै राधाकृष्ण नाच देखाउन थालिएको इतिहास छ । भजनकिर्तनको साथमा अभिनयसहितको नृत्य रहने राधाकृष्ण नाचको संरक्षण गर्न स्थानीय ताकम धार्मिक नाट्य समूह नै गठन गरेर अघि बढेका छन् ।

समूहले लोप हुन लागेको राधाकृष्ण नाचको कला नयाँ पुस्तालाई हस्तान्तरण गर्ने गरेका स्थानीय कलाकार ऋषिराम सुवेदीले बताउनुभयो । “यो नाच यस क्षेत्रको करिब २०० वर्ष पुरानो सांस्कृतिक चिनारी मानिन्छ, हरेक वर्षको हरितालिका तीजमा अनिवार्य रूपमा ताकम गाउँमा उत्सवको रूपमा राधाकृष्ण नाचलाई देखाउने चलन छ, अहिले अन्य पर्व र उत्सवमा समेत यो नाच देखाउन थालिएको छ”, उहाँले भन्नुभयो ।

राधाकृष्ण नाचका लागि समूहले भजनकिर्तन भाकामा गीतको रचनासमेत गरेका छन् । यो नाचमा हिन्दु धर्मवलम्बीको भगवान शिव, पार्वती र राधा कृष्णको माया प्रेमसहितको नाचगान तथा भगवान गणेश र खलपात्र जोक्करको भूमिकालाई नृत्य तथा अभिनयबाट प्रस्तुत गरिन्छ । राधाकृष्ण नाचमा परापूर्वकालमा देवीदेवता र भगवानको माया प्रेम, जीवन दर्शनलाई भजनकिर्तनका भाकामार्फत व्यक्त गरेर अभिनयसहितको नृत्य आकर्षक तथा मनोरञ्जनात्मक हुने गर्छ । पुर्खाबाट पुस्तान्तरण हुँदै आएको यो नाचलाई संरक्षण गर्न नयाँ पुस्तासमेतलाई सहभागी गराउन थालिएको ताकम धार्मिक नाट्य समूहका सचिव नेत्र सुवेदीले बताउनुभयो । उहाँका अनुसार पछिल्लो समय विभिन्न उत्सव, समारोह र सार्वजनिक कार्यक्रममा समेत राधाकृष्ण नाच देखाउन थालिएको छ । हालै गाउँपालिकाले आयोजना गरेको पुर्ख्यौली नाच प्रतियोगितामा समेत राधाकृष्ण नाच धेरैको रोजाइ बनेको थियो । गाउँपालिकाले पुर्ख्यौली संस्कृतिको संरक्षणमा देखाएको सक्रियताले नयाँ पुस्तालाई संस्कृतिको पुस्तान्तरण सँगै सांस्कृतिक पर्यटन प्रवर्द्धनसमेतमा सघाउ पुग्ने समूहका सचिव सुवेदीले बताउनुभयो । राधाकृष्ण नाचमा सबै कलाकार पुरुष हुन्छन् । पार्वती र राधाको भूमिका पनि पुरुष कलाकारले निभाउँछन् । ताकम गाउँको सांस्कृतिक पहिचान र चिनारीका रूपमा रहेको यस राधाकृष्ण नाचको कला र सिप हस्तान्तरण गरेर संरक्षण गर्न स्थानीय अग्रसर बनेका छन् ।

अहिले ताकम गाउँमा मात्रै नभएर सो गाउँपालिकाका र जिल्ला सदरमुकाम बेनीमा हुने सभा, सभारोह, उत्सव मेला महोत्सवमा समेत प्रदर्शन हुन थालेको छ । धौलागिरि पदमार्गको पर्यटकीय गाउँको रूपमा चिनिएको ताकमको राधाकृष्ण नाच पर्यटन प्रवर्द्धनको माध्ययम बन्ने अपेक्षा गरिएको छ ।

# सामुदायिक विद्यालयमा निःशुल्क आवासीय सुविधा

पोखरापत्र संवाददाता
म्याग्दी, ६ जेठ

बेनी नगरपालिका–५ मा रहेको डिम्ब आधारभूत विद्यालयले निःशुल्क आवासीय सुविधा उपलब्ध गराउन थालेको छ ।

आर्थिक रूपमा विपन्न, गरिब र घर टाढा भएका विद्यार्थीहरूलाई विद्यालयमै खानेबस्ने सुविधा उपलब्ध गराएको हो । निःशुल्क आवासीय सुविधा भएपछि विद्यार्थी सङ्ख्या दोब्बरले वृद्धि भएको विद्यालयका प्रधानाध्यापक नारायण पौडेलले बताउनुभयो । “एकातर्फ विद्यार्थी सङ्ख्या न्यून भएर विद्यालयको कक्षा घटुवा हुने अर्कोतर्फ विद्यालय उमेर समूहका विद्यार्थीहरू गरिबीका कारण पढ्न नपाउने समस्या देखिएपछि आन्तरिक स्रोत जुटाएर नयाँ शैक्षिकसत्रको सुरूसँगै आवासीय सुविधा दिन थालिएको हो,” उहाँले भन्नुभयो, “यसअघि जम्मा १४ जना विद्यार्थी भएकामा आवासीय सुविधा सञ्चालन गरेपछि विद्यार्थी सङ्ख्या बढेर २८ जना पुगेको छ ।” भर्ना अभियान जारी रहेकाले अन्त्यसम्म विद्यार्थी सङ्ख्या बढ्ने प्रअ पौडेलले बताउनुभयो ।

चिप्लेटीका साथै छिमेकी नयाँगाउँ, गान्धे, पैँयुपाटा, डाँडाखेत, थामडाँडा, ज्यामिरेका २५ जना विद्यार्थी छात्रावासमा बस्न थालेका छन् । विद्यालय भवनको कक्षाकोठामा फर्निचर गरेर विद्यार्थीहरूलाई सुत्ने व्यवस्था मिलाइएको छ । छात्रावासमा बस्ने विद्यार्थीलाई बिहान–बेलुकीको खाना, पोसाक, झोला, शैक्षिक सामग्री, जुत्ता उपलब्ध गराइएको छ । शिक्षकहरूले दैनिक रूपमा पालो गरेर छात्रावासका विद्यार्थीको हेरचाह र रेखदेख गर्ने जिम्मेवारी लिएका छन् । निजी स्रोतका एकजना शिक्षिकालाई थप सुविधा दिएर खाना पकाउने जिम्मेवारी दिएको प्रअ पौडेलले बताउनुभयो । विद्यालयको आन्तरिक कोषबाट छात्रावासको फर्निचर, लत्ताकपडा र खाद्यान्न व्यवस्थापन गरिएको छ । छात्रावासमा बस्ने बालबालिकाहरूमध्ये अधिकांश विपन्न र दलित समुदायका छन् । “पढाइमा राम्रो भएका बालबालिकाहरू पनि अभिभावकको गरिबीका कारण भोकै विद्यालय आउने र दिवा खाजाको भरमा दिन काट्नुपर्ने दयनीय अवस्था भएपछि छात्रावास सञ्चालन गर्ने निष्कर्षमा पुगेका हौँ,” पौडेलले भन्नुभयो, “घरको काममा अभिभावकलाई सघाउनुपर्दा गृहकार्य गर्न नपाउने र विद्यालय नै छोड्नुपर्ने अवस्था हटाउन विद्यालयमै राखेर पढाउने व्यवस्था मिलाएका छौँ ।”

चुनौतीपूर्ण भए पनि छात्रावास सञ्चालनका लागि बेनी नगरपालिका, समुदाय र दाताहरूबाट सहयोग पाएमा निरन्तरता दिन सकिने प्रअ पौडेलको भनाइ छ । कक्षा ५ सम्मको पठनपाठन हुने उक्त विद्यालयमा पछिल्लो समय विद्यार्थीको सङ्ख्या घट्दै गएपछि बेनी नगरपालिकाले कक्षा घटुवाको तयारी गरेको थियो ।

# जैमिनीमा बढ्दो बसाइँसराइः दुई वर्षमा एक हजार सात सय नौले गाउँ छाडे

रासस
बागलुङ, ६ जेठ

बढ्दो बसाइँसराइका कारण बागलुङको जैमिनी नगरपालिकाका ग्रामीण बस्ती सुनसान बन्दै गएका छन् ।

धमाधम स्थानीयले गाउँ छाड्न थालेपछि खेतीयोग्य जमिन बाँझिँदै गएका छन्भने घर जीर्ण बन्दै गएका छन् । सेवासुविधाको खोजीमा गाउँबाट शहर बजार भर्ने प्रचलन बढेको हो । जिल्लामै सबैभन्दा बढी बसाइँसराइ हुने पालिकाका रूपमा जैमिनीलाई लिइन्छ ।

जैमिनीबाट पछिल्लो दुई वर्षमा ४८२ घरपरिवारका एक हजार ७० ९ जनाले गाउँ छाडेका छन् । विसं २०८० मा २६३ घरपरिवारका ९४७ जनाले बसाइँसराइ गरेका छन्भने विसं २०८१ मा २१९ घर परिवारबाट ७६२ जनाले गाउँ छाडेका छन् । दुई वर्षको अवधिमा २६ घरपरिवारका ८६ जना बाहिरबाट जैमिनी आएको नगरपालिकाले जनाएको छ । विक्रम संवत् २०८० वर्ष नौ परिवारका ४२ जना आए र विसं २०८१ मा १७ परिवारका ४४ जना जैमिनी आएका छन् ।



नगरपालिकाका पञ्जिकरण शाखा प्रमुख ताराप्रसाद पौडेलका अनुसार सबैभन्दा बढी वडा नम्बर ८ र कम वडा नम्बर ६ बाट बसाइँसराइ भएको छ । वडा नम्बर ८ बाट दुई वर्षको अवधिमा १०७ घर परिवारबाट ४०३ जनाले बसाइ सरेको पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार वडा नम्बर १ बाट ४२ घरका १५७, वडा नम्बर २ बाट ७७ घरका २५८, वडा नम्बर ३ बाट ३४ घरका १०० र वडा नम्बर ४ बाट ५२ घरका १९१ जनाले बसाइँसराइ गरेका छन् ।

यस्तै वडा नम्बर ५ बाट २४ घरका ८३, वडा नम्बर ६ बाट १४ घरका ५५, वडा नम्बर ७ बाट ५४ घरका १८६, वडा नम्बर ९ बाट ३९ घरका १२९ र वडा नम्बर १० बाट ३९ घरका १४७ जनाले बसाइँसराइ गरेको पौडेलले बताउनुभयो । जैमिनीबाट बसाइँसराइ गरेर अधिकांश चितवन, नवलपरासी र बुटवलमा गएको उहाँको भनाइ छ ।

नगर उपप्रमुख हरिहर शर्माले बसाइँसराइ रोक्नका लागि स्थानीयलाई गाउँमै उद्यमी बनाउने र आत्मनिर्भर बनाउने खालका कार्यक्रम सञ्चालन गरिरहेको बताउनुभयो । बस्तीबस्तीसम्म सडक, खानेपानी, विद्युत, स्वास्थ्य, शिक्षा क्षेत्रको विकास गरेको उहाँको भनाइ छ । गाउँमा ठूलो सम्भावना हुँदा हुँदै पनि धेरैले सहर बजार रोज्ने गरेको शर्मा बताउनुहुन्छ ।

उहाँले भन्नुभयो, “मानिसका चाहना असीमित हुन्छन्, स्थानीय सरकारले गर्नसक्ने विकास गरिरहेका छौँ, पर्याप्त नहोला तर गाउँमा पहिलेको जस्तो विकास नपुगेको भन्ने छैन, जतातातै अहिले गाडी गुड्छन्, खानेपानीको सुविधा छ, शिक्षा र स्वास्थ्य क्षेत्रमा पनि ठूलो लगानी गरेका छौँ, हुने खानेहरू धेरैले सहर बजार रोज्न थाले, तर गाउँमा भएकालाई गुणस्तरीय सेवा प्रदान गर्न हामी प्रतिबद्ध छौँ, नागरिकलाई उद्यमी बनाने र आय आर्जनसँग जोड्ने खालका कार्यक्रम पनि चलाइरहेका छौँ ।”

# निःशुल्क पशु स्वास्थ्य शिविर : एक हजार बढी लाभान्वित

पोखरापत्र संवाददाता
म्याग्दी, ६ जेठ

म्याग्दीको रघुगङ्गा गाउँपालिकाको चारवटा वडामा सम्पन्न निःशुल्क पशु स्वास्थ्य शिविरबाट एक हजार बढी कृषकहरू लाभान्वित भएका छन् ।

नेपाल रेडक्रस सोसाइटी सामुदायिक जीविकोपार्जन प्रवर्द्धन परियोजना म्याग्दीमार्फत रघुगङ्गा गाउँपालिका–३, २, ५ र ६ मा निःशुल्क पशु स्वास्थ्य शिविर सम्पन्न भएको हो ।

पशु स्वास्थ्य चिकित्सक र प्राविधिकसहितको टोली वडामा नै आएर पशुको स्वास्थ्य जाँच तथा निःशुल्क औषधि वितरण गरेपछि कृषकहरू खुसी भएका छन् । शिविरबाट गाई, भैँसी, बाख्रालगायत कुखुरापालन गरिरहेका एक हजार ४०० जना किसानहरूले सेवा लिएका नेपाल रेडक्रस सोसाइटी म्याग्दीका सभापति अमर बानियाँले जानकारी दिनुभयो । स्थानीय वडाका वडाअध्यक्षको विशेष उपस्थितिमा सम्पन्न शिविरमा किसानहरूले आगामी दिनहरूमा पनि यस्ता शिविरलाई निरन्तरता दिन आग्रह गरेका थिए । रेडक्रसले मानवीय सेवाका साथै गरिब तथा विपन्न वर्गलाई लक्षित गरेर जीविकोपार्जन र आयआर्जनका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएकामा धन्यवाद व्यक्त गर्दै रघुगङ्गा गाउँपालिका–३ का वडाअध्यक्ष खिमबहादुर शाहीले वडाले पनि यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिने र सेवा प्रदायक संस्थाहरूसँग समन्वय गरेर अघि बढ्ने बताउनुभयो । शिविरमा डा आशिष सापकोटासहित भेटेरिनरी तथा पशु सेवा विज्ञ केन्द्रका सुवास रेग्मी एवम् दीक्षा भण्डारीले प्राविधिक सेवा उपलब्ध गराउनुभएको थियो । रेडक्रसको साझेदारीमा भइरहेको सामुदायिक जीविकोपार्जन प्रवर्द्धन परियोजनाअन्तर्गत समुदाय स्तरमा विभिन्न किसिमका तालिमहरू पनि भइरहेका नेपाल रेडक्रस सोसाइटी म्याग्दीले जनाएको छ ।


नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय, कास्की

**मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

सूचना प्रकाशित मिति २०८२/०२/०६

कास्की जिल्ला मौजे कालावाङ २/४ नं. का जि.मु. अबिरको देवकाजी गुरुङ्ग जिम्मा साविक ९१ सालको पाखोतर्फको मोठ लगत उतार बमोजिम मोठ नं. २७ र ४३ द्र.नं. क्रमशः १० र १ ढाकासोर पाध्याका नाउँमा साविक दर्ता भएको २०३४ साल सम्म अनन्त राज पौडेलका नाउँबाट तिरो तिरेको भु.सु. ७ नं. फाराममा लगत दिएको सर्भे नापीमा साविक भुम्दी वडा नं. ३ को कि.नं. १६२ क्षे.फ. ३-४-१-२ भएको जग्गा आनन्दराज पौडेलको नाउँमा फिल्डबुकमा कायम भएको अनन्तराज पौडेलले नै भोगचलन गर्दै आएकोमा मेरा श्रीमान अनन्त राज पौडेलको मिति २०६४।०७।१५ मा मृत्यु भएको फिल्डबुकमा आनन्दराज पौडेल र निजको नागरिकतामा अनन्तराज पौडेल उल्लेख भई नाम फरक परेतापनि दुवै नामथरको व्यक्ति एकै व्यक्ति भएको भनि पोखरा म.न.पा. वडा नं. २२ को च.नं. ३२७९ मिति २०८२।०२।०५ को पत्रमा खुलीआएकोले मृतकको नजिकको हकदारमा एकमात्र श्रीमती भुवनेश्वरी पौडेलले हालसम्म अविछिन्न रुपमा भोगचलन गर्दै आएको उक्त जग्गा मेरो नाउँमा छुट जग्गा दर्ता नामसारी गरीपाउँ भनी कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २२ बस्ने भुवनेश्वरी पौडेलले यस कार्यालयमा एकलौटी माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारवाही चलाएको भए वा निजको माग बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र सवुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जानेछ । पछि कसैको उजुर वाजुर लाग्ने छैन ।

तपशिल

| जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| कास्की | भुम्दी | ३ | १६२ | ३-४-१-२ | खर | चाहार | आनन्द राज पौडेल |

ईति संवत २०८२ साल जेठ ०६ गते रोज ३ शुभम् ।


# आन्तरिक पर्यटकहरूका लागि आकर्षक गन्तव्यस्थल बन्दै गुर्जा

पोखरापत्र संवाददाता
म्याग्दी, ६ जेठ

म्याग्दीको अत्यन्त दुर्गम गाउँ गुर्जा अझैसम्म पनि सडक सञ्जालमा जोडिएको छैन । जिल्लाको धवलागिरि गाउँपालिका वडा नं १ मा पर्ने गुर्जामा सडक सञ्जालको पहुँच नपुगेको भए पनि आन्तरिक पर्यटकको आकर्षणको पहुँच भने पुगेको छ ।

‘टुप्पीदेखि माथि ठाउँ छैन, गुर्जादेखि माथि गाउँ छैन’ भन्ने उखान म्याग्दीमा निकै प्रचलित छ । जिल्लाको अन्तिम गाउँ गुर्जा छन्त्याल जातिको ठूलो बस्ती भएको गाउँ हो । यो गाउँलाई छन्त्याल समुदायको जीवन, सभ्यता र संस्कृति हेर्ने सानो आँखी झ्याल भनेर पनि चिनिन्छ । पछिल्लो समय गुर्जा गाउँ आन्तरिक पर्यटकको उत्कृष्ट गन्तव्य स्थल बन्दै गएको छ । लुलाङ–गुर्जा सडक योजनाअन्तर्गत गुर्जा जोड्ने सडकको १६ किलोमिटर ट्र्याक निर्माण भएपछि यहाँ आन्तरिक पर्यटकको ओइरो लाग्न थालेको धवलागिरि गाउँपालिका–१ गुर्जाका वडाध्यक्ष झकबहादुर छन्त्यालले बताउनुभयो । थप पाँच किलोमिटर ट्र्याक निर्माण गरेमा गुर्जा सडक सञ्जालमा जोडिने छ । त्यसपछि धेरैका लागि रहस्य बनेको गुर्जा गाउँमा सदरमुकाम बेनी बजारबाट एकैदिनमा जाउआउ गर्न सकिने छ । वडाध्यक्ष छन्त्यालका अनुसार लुलाङबाट देउराली–लत्रबाङ हुँदै भालुखोरियासम्म १६ किलोमिटर ट्र्याक निर्माण भएको छ । अब गाउँ पुग्न पाँच किलोमिटर मात्र बाँकी छ । “गुर्जा सडक सञ्जालसँग जोडिएपछि धेरैको गुर्जा पुग्ने सपना पूरा हुनेछ”, वडाध्यक्ष छन्त्यालले भन्नुभयो । लुलाङ–गुर्जा सडकका लागि सङ्घीय, गण्डकी प्रदेश सरकार र गाउँपालिकाले रु दुई/दुई करोड बजेट विनियोजन गरेर रु तीन करोड ८० लाखमा ठेक्का सम्झौता गरेको हो । अहिले पनि धमाधम काम भइरहेको छ ।

समुद्र सतहबाट तीन हजार २२० मिटर उचाइमा अवस्थित गुर्जा गाउँमा २०८२ साल सुरु भएपछि व्यक्तिगत र संस्थागत रूपमा भ्रमण गर्नेको संख्या बढेको छ । सदरमुकाम बेनी बजारका केही संस्था गुर्जा पुगेर विभिन्न किसिमका कार्यक्रम पनि गरेका छन्त्यालले बताउनुभयो । केही दिन अघिमात्र म्याग्दी जेसिजको एक टोली गुर्जा पुगेर फर्केको छ । “गुर्जा गाउँ पर्यापर्यटन र सांस्कृतिक तथा जैविक विविधताका लागि अध्ययन अवलोकन गर्न खुला विश्वविद्यालय जस्तो रहेछ”, जेसी सुमन बानियाँले बताउनुभयो ।

यो गाउँमा जडीबुटी, खानी र पर्यटकीय सम्भावनाका प्रशस्तै खजाना रहेका हालै गुर्जाको भ्रमण गरेर फर्किनुभएका म्याग्दी उद्योग वाणिज्य संघका अध्यक्ष सुविन श्रेष्ठले बताउनुभयो । “गुजमुज्ज परेका परम्परागत शैलीका सफा र चिटिक्कका घर, रहरलाग्दो पशुपालन, विषादी र रासायनिक चिजहरूको प्रयोग नगरीकन फलाइने ‘अर्ग्यानिक’ उत्पादन, चारैतिर हरिया वनजङ्गल, भीडभाड र कोलाहल मुक्त परिवेश, मौलिक संस्कृति अनि सोझा, सरल र मिजासिला छन्त्याल समुदाय, गुर्जा साच्चिकै आकर्षक स्थल हो, यो जीवनमा एकपटक पुग्ने पर्ने ठाउँ हो”, अध्यक्ष श्रेष्ठले भन्नुभयो । प्राकृतिक सुन्दरता, जैविक विविधता, सामाजिक मूल्यमान्यता र पर्यावरणीय शुद्धता नै गुर्जाको विशेषता हो । यहाँ वैशाखदेखि जेठको पहिलो सातासम्म व्यक्तिगत, संस्थागत र राजनीतिक भेटघाट वा कार्यक्रमका लागि गरी १०० बढी आन्तरिक पर्यटक पुगिसकेका स्थानीय कमल छन्त्यालले बताउनुभयो ।

गुर्जा गाउँलाई ‘एडभेन्चर ट्रेल हब’का रूपमा विकसित गर्नुपर्ने उद्योग वाणिज्य सङ्घका अध्यक्ष श्रेष्ठले बताउनुभयो । यहाँबाट ढोरपाटन, पुथा र चुरेन हिमालको आधार शिविर हुँदै एउटै पदमार्गबाट रुकुम निक्लने यार्सा पदमार्गसमेत पहिचान गरी प्रयोगमा ल्याउने पहल भइरहेको छ ।


**विमालेख हरायो**

यहि मिति २०८२/०१/०५ गते हनुमान टोलबाट महेन्द्रपुल जाने क्रममा साविक रिलायन्स लाइफ इन्स्योरेन्स कम्पनीमा रहेको र हाल सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कं.को निम्न लिखित विवरणको विमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

विमितको नामः सन्दिप खवास
ठेगाना : पोखरा-३३, हनुमानटोल
विमालेख नं. ४०१०००००३३९
सम्पर्क नं. ९८१६६२८७३४, ०६१५५३६५२



**डिभिजन वन कार्यालय कास्कीको**

**वन पैदावार (जडीवुटी-गुजरगानो) लिलाम बिक्री सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८२/०२/०७

वादी नेपाल सरकार प्रतिवादी राजेश वि.क. समेत रहेको विना इजाजत अवैध रुपमा गुजरगानो प्रजातिको जडीवुटी संकलन तथा ओसारपसार गरेको मुद्दामा बरामद गरी हाल डिभिजन वन कार्यालय कास्की बगर परिसरमा घाटगद्दी गरिएको १४३० के.जी. गुजरगानो जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म बोलपत्र खरिद गरी १६ औं दिन कार्यालय समय भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीको लागि डिभिजन वन कार्यालय कास्कीमा सम्पर्क राख्न सकिने छ ।

डिभिजनल वन अधिकृत